# गौरीगंगा राजपत्र

गौरीगंगा नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ चौमाला, कैलाली फागुन २३ गते मंगलवार , २०७४ साल (संख्या १)

## भाग - १

### गौरीगंगा नगरपालिकाको आर्थिक ऐन २०७४

**प्रस्तावनाः** गौरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०७४-०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम गौरीगंगा नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " गौरीगंगा नगरपालिका आर्थिक ऐन ,२०७४ " रहेको छ ।
   (२) यो ऐन २०७४ **साल श्रावण** १ गतेदेखि गौरीगंगा नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः**नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

| सि.नं. | आम्दानी संकेत नं. | आम्दानी शिर्षक | आ.व. ०७४/०७५ को प्रस्तावित अनुमानित आम्दानी |
|---|---|---|---|
| १. | | घरजग्गा कर | ४०,००० |
| २. | | मालपोत | २०,००,००० |
| ३. | | सवारी साधन | १०,००० |
| ४. | | वहाल विक्टौरी | २०,००० |
| ५. | | विज्ञापन कर | ३०,००० |
| ६. | | व्यवसाय कर | ५,००,००० |
| ७. | | प्राकृतिक श्रोत उ. कर | ८,००,००० |
| ८. | | दस्तुर | २१,००,००० |
| ९. | | अन्य आय | ५,००,००० |
| १०. | | **आन्तरिक आम्दानी जम्मा** | **६०,००,०००** |
| ११. | | वित्तीय समानीकरणअनुदान | ३०,९०,७२,००० |
| १२. | | सशर्त अनुदान | ८,७९,५८,००० |
| १३. | | राजस्व बाँडफाँडः | ६,३६,४२० |
| १४. | | सामाजिक सुरक्षा | ७,६९,१२,८०० |
| | | कुल जम्मा आम्दानी | **४८,९७,४५,६४२.८७** |

## भाग - २
## नगर सभाबाट स्वीकृत गौरीगंगा नगरपालिकाको आर्थिक ऐन २०७४आ.व.२०७४।०७५ का लागि कर, व्यवसाय कर, शुल्क, सेवा शुल्क र भाडाका दरहरु

### १. बार्षिक सवारी दर्ता कर

- टेम्पो — रु.३००।–
- जिप,लेण्डओभर,कार,स्टेशन माइक्रो जिप, बेगन — रु.५००।–
- बस,ट्रक,लहरी,हे.भि.इक्युमेण्ट ,अन्य हेभि गाडी — रु.२०००।
- निजी कार — रु.३००।–
- भाडाका मिनिबस,माइको वस — रु.३००।–
- ट्रेक्टर भाडाका — रु १०००।–
- ट्रेक्टर निजि प्रयोजन — रु.१०००।-
- इलेक्ट्रनिक रिक्सा,मोटरसाईकिल, स्कुटर — रु.३००।-
- ठेलागाडा — रु.२५।-

### २.पटके ब्यवसायकर ( दैनिक )

- प्रत्येक अस्थायी टहरारफडबाट — रु.२०।–
- न.पा. ले तोकेको ठाउंमा तक्ता खाट आदि राखी ठाउं ओगटी ब्यवसाय गर्नेलाई — रु.२०।–
- तरकारी राखी ठाउं ओगटी ब्यवसाय गर्नेलाई — रु.२०।–
- सब्जीमण्डीभित्र फलफूल तथा तरकारी राखी ठाउं ओगटी ब्यवसाय गर्नेलाई — रु.१०।–
- ठेलागाडीबाट एक ठाउँबाट आर्को ठाउंमा सार्न सकिने फलफूलका ठेलाबाट — रु. ३०।-
- तरकारीका ठेलावाट — रु.१५।–
- इन्जिनद्वारा फलफूलको रस र उखुको रस बेच्ने ब्यवसायवाट — रु.३०।–
- हातले चलाउने मसिनबाट फलफूल,र उखुको रस बेच्ने ब्यवसाय चाट,वदाम विकि — रु.२०।-
- डि फ्रेजमा विशेष आइस्कीम राखी गरिने ब्यबसाय गर्ने बाट ...................... — रु.३०।-
- मेनरोडको छेउ छाउमा रेडिमेट कपडा राखी बिक्री ब्यवसाय गर्ने .................. — रु.३०।-

३. व्यवसाय कर

क. टहरारफडबाटनिम्नानुसार बार्षिक ब्यवसायकर लिने ।

- चिया नास्ता होटल ................. रु.६००।–
- किराना पसल .......................... रु.८००।–
- खाना खाने होटल ......................... . रु.८००।–
- मिठाई पसल ......................... रु.८००।–
- रेडिमेड कपडा पसल ........................ रु.१५००।–

नोट : - खुल्ला स्थानमा ब्यापार गर्ने र नगरपालिका क्षेत्र भित्र टहरा,फडमा व्यापार व्यवसाय संचालन गर्दा बातावरण प्रदुषण हुने एवं यातायातको आवत जावतमा असर पार्न कुरा न.पा.लाई लागेमा त्यस्तो स्थानबाट सो व्यापार व्यवसाय गर्न नगरपालिकाले प्रतिबन्ध लगाउन सक्नेछ ।

ख. पर्यटकीय होटलको ब्यवसायकर निम्नानुसार लिने

- पांच तारे होटल ........................ रु. ३५,००० ।–
- चार तारे होटल ........................ रु. २५,००० ।–
- तीन तारे होटल ....................... रु. २०,००० ।–
- दुई तारे होटल ....................... रु. १५,००० ।–
- एक तारे होटल .......................... रु. १०,०००।–

ग. होटलहरु (बिर्को खोली मदिरा विक्री गर्ने समेत) मा निम्नानुसारको बार्षिक ब्यवसायकर लिने

- क श्रेणीको होटल .................................... रु.४००० ।-
- ख श्रेणीको होटल ............................ . रु.३००० ।–
- ग श्रेणीको होटल ................................. रु.२००० ।–
- घ श्रेणीको होटल .............................. रु.१५०० ।–
- ङ श्रेणीको होटल (ग्रामीण) ................... रु.१००० ।–
- होटलले क्यासिनो संचालन गरेमा ........... रु.२०००० ।-
- दोहरी सांझ एण्ड रेष्टुरेन्ट ....................... रु.१२००० ।-

घ. रेष्टुरा,हलवाई,चिया पसलमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने ।

- मिठाइ पसल ( ठुलो ) .......................... रु.२०००।–
- चिया,चाउमिन जस्ता शाकाहारी नास्ता समेतको मिठाइको पसल रु.१५००।–
- ग्रामिण क्षेत्रका चिया,चाउमिन जस्ता शाकाहारी नास्ता र मिठाइको पसल रु.१२०० ।–
- चिया र सामान्य नास्ताका पशल ..................... रु.८००।–
- चिया र सामान्य मात्रको पसल ( ग्रामिण क्षेत्र ) रु.५००।–

४.१ व्यापारिक बस्तु

क. पेट्रोलियम पदार्थको व्यवसायमा निम्नानुसारको बार्षिक व्यवसायकर लिने ।

- पेट्रोल,डिजल र मट्टीतेल र लुब्रिकेन्ट विकि पसल रु ४,०००।
- मट्टीतेल मात्रको बिक्री पसल रु.२,०००।–

ख . निम्नानुसार ब्यवसायमा बार्षिक ब्यवसाय कर लिने ।

- चुरोट,बिडीजन्य धुम्रपान एजेन्सी ....................... रु.३५००।–
- साबुन एजेन्सी .................................. रु.२,०००।–
- बिस्कुट एजेन्सी ................................ रु.२,०००।–
- टायर एजेन्सी ...................... रु.३,०००।–

- प्लाष्टिक भांडा आदिको एजेन्सी ............................ रु.२,५००।–
- चाउचाउ एजेन्सी ............................ रु.२,०००।–
- एजेन्सीमा थप प्रति एजेन्सीको .................... रु.१०००।–
- स्वदेशी,बिदेशी कपडा तथा अन्य सामानको थोक पसल .................. रु.३०००।–
- इलोक्टोनिक पसल ....................... रु.२,०००।–
- स्वदेशी बिदेशी तयारी फैन्सि कपडा पसल ............... रु.२,०००।––
- श्रृंगारको सामानको पसल .......... रु.१५००।–
- स्टेसनरि व्यवसाय पसल ............................... रु. २,०००।
- साइकल बिक्री पसल .......................................... रु.२००० ।-
- मोटर साइकलको एजेन्सी तथा सर्भिस सेन्टर समेत....................... रु.८००० ।-
- मोटरसाइकिल एक्सचेञ्ज गर्ने व्यवसाय.................... रु.३५००।–
- साधारण कपडा पसल................................................... रु.१५०० ।-
- मोवाईल सेट विक्री पशल............................... रु.२०००।–
- मोटरसाइकल पाटर्स बिक्री पसल .................................. रु.१५०० ।-
- बस,ट्रक, जिप,टयाक्टर बिक्री पसल तथा सर्भिस सेन्टर समेत........... रु.८०००।-
- वस,ट्रक,जिप,टयाक्टर पार्टसको विकि पशल.................... रु. ५०००।–
- नाप तौलको ढक तराजु बिक्री पसल...................... रु.१०००।–
- प्लाष्टीकको भाडा वर्तन बिक्री पसल ........................ रु.१०००।–
- कृषि कार्यका लागी सानो पावर टिलर एजेन्सी ............................ रु २५००।–
- इलेक्टिक रिक्सा एजेन्सी ........................................................... रु २,०००।–
- कम्प्युटर विकि पसल........................... रु ३०००।–
- स्टेसनरी र छापाखाना समेतको पसल......................................... रु.३५००।-
- पत्रिका मात्रको पशल रु.५००।-

**ग. निर्माण सामग्री ,हार्डबेयर, सिसा फ्रेम, बिद्युत समान बिक्री पसलमा निम्नानुसार बार्षिक व्यवसाय कर लिने ।**

- हार्डबेयर पसल रु.३०००।–
- हार्डबेयर पसल ( ग्रामिण क्षेत्र ) ............................. रु.२५००।–
- सिसा तथा सिसा फ्रेम पसल .................................... रु.१,५००।–
- बिद्युत सामग्री र ईलेक्ट्रेक सामानका पसल .......................... रु.२,५००।–
- खानेपानी धारा सम्बन्धि सामान मात्राको पसल.............................. रु.१,५००।–
- पेन्ट मात्रको पसल .................................... रु.२,५००।-

**घ. किराना / बिसादा/ भांडा पसलमा निम्नानुसार बार्षिक ब्यवसाय कर लिने ।**

- किराना पसल ........................... रु. १०००।–
- ग्रामिण क्षेत्रको किराना पसल ( ठुलो ) ........................... रु. ८००।–
- भाडा तथा त्यस्तै प्रकृतिका अन्य सामानहरुको पसलमा ................ रु. १०००।–

**ङ. खाद्यान्न खरिद बिक्री पसलमा निम्नानुसार बार्षिक ब्यवसायकर लिने ।**

- बजारमा गद्दी राखी गोदाम गर्ने व्यवसाय ........................... रु.४०००।–
- फुटकर खाद्मान खरिद बिक्री ब्यवसाय ............................ रु.२,०००।–
- ग्रामिण क्षेत्रमा गल्ला खरिद गोदाम राख्ने ब्यवसाय ........................ रु.२,०००।–
- ग्रामिण क्षेत्रको खरिद काटा वाला ब्यवसाय .......................... रु.१,०००।–

च. निम्नानुसारका ब्यवसायमा बार्षिक ब्यवसाय कर निम्नानुसार लिने ।

- टेलिभिजन लगायत ईलेक्ट्रोनिक सामानको पसल ................. रु.२५००।–
- क्यासेट रिकर्डर तथा प्लेयर पसल ................ रु.१२००।–
- डिस लाइनको केबुल ब्यवसाय .................. रु.६०००।–
- काठ मात्रको फर्निचर बिक्री ब्यवसाय रु.१०००।–
- काठ समेत अन्य प्रकारका सोफासेट, दराज र फर्निचर बिक्री पसल रु.१५००।–
- छाला जुत्ता एवं अन्य प्रकारका जुता पसल .......................... रु.२,०००।–
- मदिराको डिष्टिव्युटर ............................. रु.७०००।–
- मदिरा मात्रको होलसेल पसलमा ................... रु.४०००।-
- मदिरा रिटेल कार्टुन खोली गर्ने पसल रु.३५००।–
- मार्बल /स्लेट मात्रको पसल ..................................... रु.३०००।-
- मल खाद बिउ विजन र किटनाटक ओषधी बिकी पसल ............. रु.१५००।-
- तरकारी पसल...................................................... रु.१०००।-
- सिरक डसना वनाउने पशल .................................... रु.१०००।–

४.२ उत्पादनमुलक उद्योगमा

**औद्यौगिक कारखाना तथा उद्योगहरु वाट निम्नानुसारको बार्षिक ब्यवसाय कर लिने ।**

- सुर्ति,गुट्खा तथा सुर्तिजन्य पदार्थका उद्योग.................................... रु.३०००।-
- चावल,तेल,पिठो,दाल, सेलरमिल .................. . रु.३५००।–
- चामल,तेल,पिठो,दाल, सेलरमिल ( ग्रामिण क्षेत्र ) ................... रु.२५००।–
- ग्रामीण क्षेत्रमा पम्पसेटबाट चल्ने मिल .................................... रु.१२०० ।–
- काठ चिरान मिल ............................................................ रु.७०००।–
- फर्निचर काठ चिरान मिल ............................. ....................... रु.५०००।–
- सिमेन्ट रोडी र बालवा प्रयोग गरी हयूमपाईप, पिलरपोल आदि बनाउने उद्योग रु.५०००।–
- सिमेन्ट रोडी,बालुवा प्रयोग गरि रिङ,खुटा,ब्लक,गमला आदी बनाउने उद्योग रु.२५००।–
- प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योग रु.५०००।–
- पाउरोटी, सर्वत, तथा पापड बनाउने उद्योग रु.१०००।–
- गारमेन्ट तयारी पोशाक उधोग रु.२५००।-
- फिक्स चिम्नीको ईटा भट्टा उद्योग रु.१८०००।–
- दुई चिम्नीको ईटा भट्टा उद्योग रु.६०००।–
- स्वीकृती प्राप्त खप्टा टायल भट्टा उद्योग रु ३०००।–
- आइसकिम बरफ उत्पादन उद्योग रु.२०००।–
- मैनबत्ती उत्पादन उद्योग रु.१०००।–
- साबुन सोडा उत्पादन उद्योग रु १०००।-
- चकलेट, टफि उत्पादन उद्योग रु.१०००।–
- चाउमिन उत्पादन उद्योग रु.१०००।–
- छालाका जुत्ता चप्पल बनाउने उद्योग रु.१०००।–
- टिनका फर्निचर, सोफा, दराज बनाउने उद्योग रु.३०००।–
- काठको फर्निचर, सोफा, दराज बनाउने उद्योग रु.३०००।–
- वयलगाडा बनाउने उद्योग रु.१२००।–
- काठको गिलास,ठेकी,बनाउने उद्योग रु.१०००।–
- भांडा बर्तन बनाउने उद्योग रु.१०००।–

- गलैचा, होजियरी उद्योग रु.१२००।–
- अगरबत्ती उधोग रु.७००। -
- नमकिन, दालमोठ आदि बनाउने उद्योग रु.१०००।-
- खाना पकाउने एल.पि.ग्यास फिल गर्ने उधोग रु.७०००।–
- स्टिलका फर्निचर वनाउने उधोग रु.५०००।-
- ग्रिल/सटर वनाउने उधोग रु.२०००।-
- सोलर पालर व्यवसाय उधोग रु.४०००।-

**५.मर्मत सम्भार सेवा सम्वन्धी निम्नानुसारका ब्यवसायमा बार्षिक ब्यवसाय कर निम्नानुसार लिने ।**

- बस,ट्क,जिप,ट्याक्टर मर्मत पसल................................. रु.३०००।-
- मोटर साईकल मर्मत पसल........................................... रु.२५००।–
- कम्प्यूटर मर्मत पसल...................................... रु.२०००।-
- रिक्सा साईकल मर्मत पसल .................................. रु.१२००।–
- ब्याट्री चार्ज समेतको पसल ......................... रु.१८००।–
- खराद मसिन पसल ...................................................... रु.१२००।–
- गेस मसिन पसल .......................................................... रु.८००।–
- ब्याट्री चार्ज पसल ...................................................... रु.१०००।–
- गेस सिलेण्डर बिक्री पसल............................................... रु.२,०००।–
- घडि मर्मत पसल ......................................................... रु.१०००।–
- टि.भी.,भि.सि.आर,भि.सि.पि,रेडीयो मर्मत पसल......................... रु.१५००।–
- रेडियो मर्मत पसल................................................ रु.१०००।–
- मोवाईल मर्मत पशल ................................ रु.१२००।–
- छाता,टर्च,गेस र सिलाई मसिन मर्मत पसल .......................... रु.५००।–
- बिद्युत सामग्री, मोटर, पंखा र टेलिफोन समेतको मर्मत पसल ........ रु.१०००।–
- खोकामा जुत्ता चप्पल मर्मत गर्ने रु.५००।-
- सटरिगं ब्यवसाय पसलमा ................................................ रु.२०००।–
- टायर मर्मत पसल.................................................... रु.१५००।–

**६. बिशेष परामर्श तथा सामाजिक परिचालन सम्वन्धी संस्था, ब्यवसाय सेवामा कर निम्नानुसार लिने ।**

- रु २० लाख सम्मको व्यवसायमा ................. रु.१५००।-
- रु १ करोड सम्मको व्यवसायमा ........................................ रु.२५००।-
- रु १ करोड भन्दा माथिको व्यवसायमा ................................ रु.३०००।-

**७. स्वास्थ्य सेवा /व्यवसाय संग सम्वन्धित संस्था तथा व्यक्तिवाट निम्नानुसारको वार्षिक व्यवसाय /सेवा कर लिने ।**

- औषधी थोक विकेता रु.४०००।
- दन्त चिकित्सालय ................................... रु.२०००।–
- औषधि बिक्रि पसल .................................... रु.१५००।–
- चिकित्सक................................................. रु.१५००।–
- पशु चिकित्सक......................................... रु.१०००।
- कबिराज, बैद्य .................................................. रु १०००।–
- पशु औषधालय पसल.................................. रु.१५००।–
- चस्मा विक्रि पशल ............................. रु.१५००।-
- नर्सिङ्ग होम , निजी अस्पताल .................................. . रु. ५०००।-
- फिजियो थेरापी .................................... रु. १५००-

- ल्याव परीक्षण सेवा ........................................................ रु. १५००।-
- अल्ट्रा साउण्ड एक्सरे सेवा................................................ रु. १५००।-

८ . निजी कानून व्यवसायी, विमा एजेन्ट, ईन्जिनियरिंग सेवा लगायतका निम्न व्यवसाय संचालन गर्ने व्यक्ति तथा निकायवाट निम्नानुसारको बार्षिक ब्यवसायकर लिने ।

- बरिष्ठ अधिबक्ता ................ रु.१५००।–
- अधिबक्ता ...................... रु.१२००।–
- अभिबक्ता.......................... रु.१०००।–
- अभिकर्ता र लेखनदास ............ रु. ५००।–
- बिमा एजेन्ट व्यबसाय........... रु. १०००।-
- अनुसन्धान तथा परामर्शदाता ......... रु.३०००।–
- सिप तथा व्यवसाय प्रवर्धन सेवा केन्द्र... रु.१०००।
- कृषि विशेषज्ञ ................................................................. रु ५००।
- वातावरण विशेषज्ञ रु १५००।
- आयकर,मु.अ.कर र लेखा सम्वन्धि सेवा प्रदान गर्ने रु.१०००।-
- कम्प्युटर एनालिसिष्ट र प्रोग्रामर रु.१५००।-
- भाषा अनुवादक रु.५००।-
- ईन्जिनियरिङ परामर्श सेवा ............................... रु. २५००।-
- सर्भेयर .......................... रु.५००।-
- शेयर दलाल रु.१०००।-
- नोटरी पव्लिक व्यवसाय रु.१५००।-

९. म.ले.प.बाट लाईसेन्स प्राप्त अडिटरवाट निम्नानुसार वार्षिक ब्यवसायकर लिने ।

- क श्रेणीको अडिटरलाई ..................... रु.२५००।–
- ख श्रेणीको अडिटरलाई........................... रु.२०००।–
- ग श्रेणीको अडिटरलाई ........................... रु.१५००।–
- घ श्रेणीको अडिटरलाई ............................. रु.१२००।–

१०. सामान ढुवानी कम्पनी (ट्रान्सपोर्ट) वाट वार्षिक व्यवसाय कर ........ रु.३०००।–

११. कृषि सेवाब्यवसायमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने ।

- कुखुरा पालन ......................................................................... . रु.१०००।–
- वगुर पालन ......................................................................... रु.१०००।
- व्यवसायिक कृषी उत्पादन ........................................................ रु.५००।–
- बोटबिरुवा उत्पादन गर्ने तथा बेचबिखन ( नर्सरी ) ...................................रु.५००।–
- माछापालन व्यवसाय ....................................................... रु १०००।–

१२. अन्य सेवा

देहायका अन्य सेवा व्यवसायहरुवाट निम्नानुसारको वार्षिक व्यवसाय कर लिने

- भन्सार एजेन्ट ................................................................ . रु.१५००।–
- अर्डर सप्लायर्स ........................................................ रु.१५००।–
- खसि,बोका लगायत मासु बिक्री पसलमा ...................................... .रु.१०००।–
- बंगुर सुगर मासु पसलमा .................................................... रु.१०००।–
- माछा पसलमा ....................................................................... रु.१०००।–
- कुखुरा मात्रका मासु पसलमा ......................................................... रु.१००० ।–
- खसि,बोका लगायतका मासु बिक्री पसल ( ग्रामिण ) ......................... रु.८००।–

- बंगुर सुगर मासु पसल ( ग्रामणि )........................................................ रु.८००।–
- कुखुरा मात्रको मासु पसल ( ग्रामणि )................................................ रु.८०० ।–
- माछा पसलमा ( ग्रामिण )........................................................ .रु.८००।–
- रांगा मासु पसल ........................................................ रु.१०००। –
- पान,बिडी पशल ........................................................ रु.७०० ।–
- फल फुल ,तरकारी बिक्री पसलमा ........................................ रु.१५००।–
- हजाम पसल ठुलोमा तीन सिटभन्दा वढी भएको .................... रु.१०००।–
- हजाम पसल साना ................................................ रु.८००।–
- ब्यूटी पार्लरमा ........................................................ रु.९००।–
- मसाज र पार्लर पसल................................................ रु.१०००।–
- मेरिज ब्युरो ( विबाह गराउने संस्था )........................................ रु.१०००।–
- शित भण्डार व्यवसाय संचालन रु.५०००।
- दुई सिलाई मेसिन सम्मको पसल ............................ रु.१०००।
- दुई सिलाई मेसिन देखि ५ सिलाई मेसिन सम्मको पशल............ रु.१३००।
- ५ सिलाई मेसिन देखि माथि सम्मको पशल.......................... रु.१५००।
- निजी टेलीफोन व्यबसाय ................................................ रु.१५००।
- जिम सेन्टर व्यवसाय ........................ रु.१०००।-
- कपडा धुने पसल साधारण ........................................................ रु.५००।–
- ड्राईक्लिन मेसिन सहित भएको कपडा धुने पसल............................ रु.१०००।–
- सुनचादी बिक्री तथा गर गहना बनाउने पसल ........................... रु.३५००।–
- सुनचादी गहना मात्र बनाउने पसल ........................................ रु.२०००।–
- कलर ल्याब सहितको फोटो स्टुडियो ..................................... रु.१५००।–
- सबै किसिमको श्रृगार पसल................................................ रु २०००।–
- चुरा पोतेको मात्र श्रृगार पसल ................................................ रु.१५००।–
- साईन बोर्ड बनाउने पेन्टीङ सेवा ............................................ रु.१२००।–
- फोटोकपी पशल........................................................ रु.१५००।–
- ग्रिसिङ्ग व्यबसाय ........................................................ रु.१०००।-
- घर जग्गा खरिद बिक्री व्यवसाय ........................................ रु.३५०० ।-
- अनलाइन सेवा व्यवसाय ................................................ रु.१५००। -
- गेम क्लव व्यवसय...................................... रु १०००।-

१३. शिक्षा सेवा

**(क) निम्नानुसारका ब्यवसायमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने (संस्थागत) बाहेक ।**

- निजि क्षेत्रका स्कुल क्याम्पस रु.१०००।
- व्यवसायीको सीप विकास समवन्धी प्राबिधिक शिक्षालय ..... रु.३,०००।–
- कम्प्यूटर इन्सिच्यूट ................ रु.२०००
- ट्युशन,कोचिंग सेवा...... रु.२५००।–
- भाषा प्रशिक्षण ................ रु.२,०००।–
- शैक्षिक परामसं सेवा ........................................ रु. २५००।–

**ख) निम्नानुसारका निजि शैक्षिक सस्थाहरु खोल्न निम्नानुसारको सिफारिस दस्तुर लिने ।**

- प्रा. वि.सम्म ................... रु. १,५००।-
- नि. मा. वि. सम्म........................ रु. २,०००।–
- मा.वि सम्म................................ रु. २,५००।–
- उच्च मा. वि. सम्म...................... रु. ३,०००।–
- उच्च मा. वि. देखि माथि ...................... रु. ४,०००।–

१४. **बित्तिय सेवा**

- नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोबार गर्ने बैक .... रु.१५०००।–
- आर्थिक कारोवार समेत गर्ने वैक वाहेका वित्तिय कम्पनिहरु रु.३०००।-
- बिमा कम्पनी रु.८०००।–
- बिदेशी मुद्रा सटही काउन्टर रु.२५००।
- सहकारी वैंक रु. २,०००।–
- रेमिटेन्स सेवा रु.२०००।-

**१५.संचार सेवा ( वार्षिक )**

- इमेल / इन्टरनेट व्यवसाय .... रु. १५००।–
- कुरियर सेवा ..... रु. १२००।–
- एस.टि.डि./आई.एस.टि.डि /फ्याक्स सम्वन्धी निजि व्यवसाय रु. १०००।–
- एफ.एम. रडियो ...................................... रु.१५००।-
- केवुल नेटवर्क सेवा संचालन सेवामा.................................. रु.८०००।

**१६. गौरीगंगा नगरपालिकामा प्रधान कार्यालय भएका निर्माण व्यवसाय (वार्षिक)**

(क) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसायी ............... रु.३०००।–
(ख) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसायी ............ रु.२५००।–
(ग) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसायी ............ रु.२०००।–
(घ) श्रेणीका रजिष्टर्ड व्यवसायी ............ रु.१५००।

१७. अन्य व्यवसाय : **निम्नानुसारका व्यवसायमा वार्षिक व्यवसायकर निम्नानुसार लिने ।**

- गोलिया काठ खरिद बिक्री रु.५०००।–
- ईटा ढुंगा बालुवा गिट्टी जम्मा गरी बिक्री गर्ने रु.७०००।–
- रिचार्ज कार्डको थोक पसल रु. २०००।–
- बैण्ड बाजा व्यवसाय रु.१५००।–
- लाइसेन्स प्राप्त स्थाइ चलचित्र हल रु.२०००।–
- थोत्रा बोरा, रस्सीका टुक्रा, पुराना प्लाष्टिक चप्पल कवाड पसल रु.२५००।–
- मिनरल वाटर प्लान्ट रु.१०००।-
- पम्पसेट डिलर रु.१२००।–
- डेरी फार्म( प्रशोधन वाहेक ) रु.१५००।–
- कोकाकोला, पेप्सी, फन्टा चिसो पेय पदार्थको ऐजेन्सी रु.१०००।–
- केसर मिल रु.३,०००।–
- केसर मिल डिपो रु.१५००।-
- कपडाको थोक व्यवसाय रु. १०००।–
- पुल हाउस रु. १५००।
- पशु खरिद विकि व्यवसाय रु.२०००।-
- टेन्ट हाउस सेवा रु. २५००।
- डेरी उद्योग( प्रशोधन सहित ) रु. २०००।
- अनुमती प्रप्त जनावरका हाड सिंगको व्यवसाय रु.१५००।–
- अल्ट्रा एसिड डिष्टील्ड वाटर उत्पादन रु. १२००।–

१८. **मनोरञ्जन कर**

- अस्थायी लाइसेन्स लिई भिडियो प्रदसन व्यावसाय संचालन( प्रति दिन) रु.२२५।–
- पटके थियटर, नौटंकी, सर्कस, (प्रत्येंक पटक) रु.३००।–
- चटक देखाउने, औषधी बेच्ने (दैनिक) रु.५०।-
- अन्य खेल देखाउने (दैनिक) रु.२५।–
- चलत्रित्र व्यवसाय ( वार्षिक ) रु.५००।-

**१९ .सम्पत्ति जग्गाको मूल्यांकन दस्तूर निम्नानुसार लिने ।**

- सम्पत्ति जग्गाको मुल्यांकन .......................................... रु ०. १० प्रतिशत

**(विद्यार्थीहरुलाई अध्ययनको लागि विदेश जादा सम्पत्ति मुल्यांकन दस्तुरको ५० प्रतिशत छुट दिईनेछ। )**

**२०. निम्नानुसारको सिफारिसमा निम्न बमोजिमको दस्तुर लिने ।**

- मालपोत राजमार्गसगँ जोडिएको जग्गा प्रतिकट्टा रु ५०
- मालपोत भित्रि शाखासगँ जोडिएको/खेतीयोग्य जमिन रु १५
- चार किल्ला प्रमाणित दस्तुर रु.४००।–
- सगोल प्रमाणित .. ... रु.२००।–
- घरवाटो प्रमाणित राजमार्गसगँ जोडिएको जग्गा रु ५००।
- घरवाटो प्रमाणित भित्रि शाखासगँ जोडिएको/खेतीयोग्य जमिन जोडिएको जग्गा रु ३००।
- हलभाडा प्रतिदिन रु १०००।
- साधारण सिफारिस . रु.१००।–
- मुद्दा सम्बन्धि सिफरिस . रु.२००।–
- स्थलगत सर्जमिन मुचुल्का रु.३००।–
- कृषि उधोगको सिफारिसमा रु.२५०।००
- .साना उद्योगको सिफारिसमा रु.५००।–
- मझौला उधोगको सिफारिसमा ............................................... रु.१०००।
- ठूला उधोगको सिफारिसमा ............................................... रु.२०००।
- वंशजको नाताले नागरिकता सिफारिस रु.१००।–
- वैवाहिक अंगिकृत नागरिकता सिफारिस रु.१५००।–
- अंगीकृत नागरिकता सिफारिस रु.३०००।–
- घटना दर्ता (कानुनले लिनु पर्ने अवस्थामा) रु.५०।–
- अंग्रेजीमा बसोबास, जन्म ,मृत्यु,विवाह ,अविवाहित प्रमाणित दस्तुर रु.२५०।–
- नाता प्रमाणित दस्तुर रु १००।–
- अंग्रेजीमा नाता प्रमाणित दस्तुर रु.२५०।–
- प्रतिलिपी प्रमाणित दस्तुर रु.५०।–
- बसोबास प्रमाणित दस्तुर रु.२००।–
- बसोबास प्रमाणित दस्तुर अग्रेजीमा रु.२५०।–
- अस्थायी बसोबास प्रमाणित दस्तुर रु.१५०।–
- टेक्टरको भंसार छुट सम्बन्धी सिफारिस रु.१०००।–
- पम्पसेटको भंसार छुट सम्बन्धी सिफारिस रु.२००।–
- चारा काटने मसिनको भन्सार छुट सम्बन्धी सिफारिसमा रु.१००।–
- बिद्युत जडानको सिफारिस रु.१५०।–
- कृषि औजार सम्बन्धि भन्सार छुट सिफारसि रु.२५०।–
- टेलीफोन नामसारी सिफारीस दस्तुर रु.१५०।–
- खानेपानी धारा जडान सिफारिस रु.१००।–
- मदिरा डिलरसिप/पसल संचालन सिफारिस रु.५०००।–
- सार्वजनिक टेलिफोन सिफारिस रु.१५०।–
- संचार व्यवसायको सिफारिस रु.२५०।–
- व्यवसायको नाामसारी /ठाउसारी दस्तुर रु.५००।–

नोट : व्यवसाय कर बुझाउने सम्बन्धमा व्यवसाय कर बुझाउने म्याद प्रत्येक आ.व.को अषाढ मसान्त सम्म बुझाइ सक्नु पर्ने छ । तोकिएको म्याद भित्र पनि व्यवसाय कर बुझाउन नआएमा साउन मसान्त सम्म को लागि १० प्रतिशत थप दस्तुर लिने, पुस मसान्त सम्म २० प्रतिशतले थप दस्तुर लिने र सो म्याद भित्र पनि कर बुझाउन

**नआएमा ३० प्रतिशतका दरले विलम्ब शुल्क लिने । आफ्नो व्यवसाय ईजाजत पत्र कसैले अर्काको नाममा नामसारी गर्नुपरेमा लाग्ने व्यवसाय करमा ५० प्रतिशत दस्तुर लिई नामसारी गर्ने ।**

२१. न.पा. क्षेत्रमा विद्युत पोल जडान गरे वाफत ने. वि. प्रा.बाट प्रति पोल रु.१५।– र

ट्रान्सफर्मरको प्रतिवर्गफुट रु. ८।– का दरले वार्षिक शूल्क लिने । विद्युत तार प्रति मिटर रु. ०.०१ पैसा लिने

२२. नेपाल खानेपानी संस्थानले पाइप लाईन बिछाए वाफत प्रति मिटर रु. ०.५ पैसाका दरले मासिक सेवा शूल्क लिने ।

२३. केवुल ,डिस लाईनको प्रति मिटर रु.०.२ पैसा मासिक लिने ।

२४. नेपाल दुर संचार संस्थानले टेलिफोन लाईन तानेकोमा प्रति पोल वार्षिक रु. १०।–, केवल तारको प्रति मिटर ०.२५ पैसा मासिक र टेलिफोन क्याविनेट बक्सको प्रति बक्स रु. २।– मासिक शूल्क लिने ।

**नोट : क) प्राकृतिक प्रकोपमा परेका, अनाथ, अशक्त, अपांगता भएका व्यक्तिहरुले सो सम्वन्धी व्यहोराको सिफारिश माग गरेमा सिफारिश दस्तुर लाग्ने छैन ।**

**२५. खानेपानी धारा जडान शूल्क**

१. कच्ची तथा ग्राइभेल सडक र फुटपाथ काटी धारा जडान गर्नु पर्नेमा रु.६००।–

२. सडक नकाटनु पर्ने सिफारिसमा रु.२००।-

**नोट :- पक्की सडक र फुटपाथ काटनु पर्नेमा सो कार्य गर्नमा लाग्ने सम्पुर्ण खर्च ल.ई. अनुसारको रकम सम्बन्धित व्यक्ति बाट धरौटि लिई अनुमती दिने र सम्वन्धीत व्याक्तिले मर्मत गरेमा मात्र धरौटी फिर्ता गर्न पर्ने ।**

**२६. नक्सापास भई घर बनाउंदा पाउने सहुलियत काठ सम्बन्धि सिफारिस रु.२००।–**

**२७. नगर क्षेत्रभित्र कुनै घर,गोदाम,पसल,ग्यारेज,कारखाना,घरजग्गामा टहरा, पोखरी, मिल आदि बहालमा दिएकोमा दिएको बहाल रकमको २ प्रतिशतका दरले बहाल कर लिने ।**

**२८. नक्सा पासमा निम्नानुसार दस्तुर लिने ।**

- गौरीगंगा नगरपालिकाको पूर्व पश्चिम राजमार्गको ५०० मिटर दाया वाया निर्माण भएका/निर्माण हुने घरहरुको नक्सा पास प्रति वर्गफूट रु.५।–
- भित्री शाखा सडकसंग जोडिएको निर्माण भएका /निर्माण हुने घरहरुको नक्सा पास प्रति वर्गफूट रु.३।–
- नक्सा पासको निवेदन किताव.................................................. रु.५००।–
- नक्सा नामसारी दस्तुर..................................................................... रु.५००।–
- नक्साको प्रतिलीपी प्रमाणित दस्तुर........................................................ रु.५००।–
- नक्सा पासको प्रमाण पत्रको प्रतिलीपी दस्तुर ........................................... रु.१५०।–

**नोट :- नगरपालिकाको क्षेत्र भित्र निर्माण भएका तर नक्सापास नभएका घरहरुको नक्सापासको लागि नगरपालिकावाट जारी गरिएको सूचना अवधी भित्र पनि घरनक्सा पास नगर्नेको हकमा नक्सापास दस्तुर दोव्वर लाग्नेछ ।**

**२९ वहाल विक्टौरी शल्क वार्षिक ।**

- न.पा. ले आफै टहरा निर्माण गरेको भए प्रतिटहरा रु २०००।–
- व्यक्ति स्वयमले आफै टहरा निर्माण गरेको भए प्रतिवर्ग फिट रु १० ।–

आज्ञाले

वीर वहादुर शाही

प्रमुख प्रशासकीय अधिकृत